# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाण्डौ।

## कम्पनीको तेह्रौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष २४ गते बुधबार बिहान १०:०० बजेदेखि कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः-

**सभामा उपस्थितिः**

**<u>सञ्चालकहरुको उपस्थिति</u>**

| | | |
|---|---|---|
| १. | श्री सुरेश आचार्य<br>सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | -अध्यक्ष |
| २. | श्री दीर्घराज मैनाली<br>सहसचिव, अर्थ मन्त्रालय | -सञ्चालक |
| ३. | श्री श्यामप्रसाद भण्डारी<br>सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | -सञ्चालक |
| ४. | श्री महेश रिमाल<br>नि. प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय जीवन वीमा कम्पनी लि. | -सञ्चालक |
| ५. | श्री सुधीर ज्ञवाली<br>सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | -सञ्चालक |
| ६. | श्री माधव प्रसाद कोइराला<br>स्वतन्त्र सञ्चालक | -सञ्चालक |

**<u>शेयरधनीहरुको उपस्थितिः</u>**

**(क) संस्थापक शेयरधनीहरु (अन्य संस्थापक समूह बाहेक) को तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति — जम्मा ७ जना**

१. श्री सन्दीप कुमार देव, सहसचिव
प्रतिनिधि, नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री माया पन्थी, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

३. श्री भूमिनन्द खनाल, उपसचिव
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री ज्ञानेन्द्र राज ओझा, उपमहालेखा नियन्त्रक
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री रामचन्द्र पोखरेल, वरिष्ठ प्रवन्धक
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री प्रविन लुँइटेल, सहायक व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री प्रदिप अधिकारी, वरिष्ठ सहायक
प्रतिनिधि, नागरिक लगानी कोष

**(ख) अन्य संस्थापक समूहका शेयरधनीहरुको उपस्थितिः** २२९ जना (१८,१६३,०८० कित्ता शेयर)

**(ग) सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः** ७०० जना (५०४,३३५ कित्ता शेयर)

**कम्पनीका कर्मचारीहरुको उपस्थितिः**

१. श्री अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत
२. श्री अरुण रजौरिया, नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री जिवन कुमार बस्नेत, नायव प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव
४. श्री वासुदेव भण्डारी, प्रमुख प्रवन्धक
५. श्री रमेश पनेरु, वरिष्ठ प्रवन्धक
६. श्री दिपक पौडेल, प्रवन्धक
७. श्री पर्शुराम बोगटी, प्रवन्धक
८. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत
९. श्री सरोज पौडेल, वरिष्ठ अधिकृत
१०. श्री सुरज ज्ञवाली, अधिकृत
११. श्री प्राज्ञिक तिमिल्सिना, अधिकृत
१२. श्री सुरेन्द्र सिनाल, अधिकृत

**छलफलका विषयहरुः**

१) **साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

२) **विशेष प्रस्तावः**

१) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००|- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।

३) **विविध।**

**सभाको सञ्चालनः**

यस तेह्रौं वार्षिक साधारण सभाको कार्यक्रम दुई सत्रमा गरिको थियोः

१. पहिलो सत्र — सभाको वैधानिकताको यकिन तथा प्रस्तावहरु उपर छलफल तथा निर्णय।

२. दोश्रो सत्र — सञ्चालकको निर्वाचन अन्तर्गत मतदान एवं परिणाम घोषणा।

## पहिलो सत्र — सभाको वैधानिकताको यकिन तथा प्रस्ताव उपर छलफल तथा निर्णय

### १. सूचना प्रकाशनः

मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको ३०४औं बैठकको निर्णयानुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०८१/०९/०२ गते प्रथम पटकको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित मिति २०८१/०९/०३ गते दोश्रो पटकको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई तेह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो।

यसका अतिरिक्त तेह्रौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका वित्तीय विवरणहरु, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक निर्वाचन कार्यक्रम लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस तेह्रौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, महालेखापरीक्षकको कार्यालय र नेपाल राष्ट्र बैंकमा सेमत जानकारी गराइएको थियो।

### २. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा १०:०० बजेसम्ममा सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरुबाट ६६.०३ प्रतिशत शेयरको प्रतिनिधित्व भएको तथा अन्य संस्थापक उपसमूहबाट १.०२ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ११ जना शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ०.३२ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै २९३ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको विवरण शेयर रजिष्ट्रारको तर्फबाट प्राप्त भएको हुनाले तेह्रौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

## ३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः

तेह्रौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस तेह्रौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट जानकारी गराई सभाको काम कारवाही शुरु गर्न सभाले जिम्मेवारी प्रदान गर्‍यो।

कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुरेश आचार्यको अध्यक्षतामा यस तेह्रौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

## ४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः

सभाका अध्यक्ष श्री सुरेश आचार्यले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको ३०४औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०८०/८१ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

## ५. शेयरधनीहरुको जिज्ञासा तथा सुझावः

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा शेयरधनीहरु डा. आत्माराम घिमिरे, श्री उत्तम पाठक, श्री कृष्ण प्रसाद अधिकारी, श्री निरुपमा गुप्ता, श्री शम्भु थपलिया, श्री विभुषि शोभन पाण्डे, श्री युगल वसेल र श्री रामचन्द्र पोखरेलले सभामा आफ्नो राय, जिज्ञासा एवम् सुझावहरु प्रस्तुत गर्नुभयो। त्यसैगरी, शेयरधनीहरु श्री जगन्नाथ आचार्य, श्री चन्द्रनारायण श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य श्री बैजुनाथ रौनियार र श्री सुदिप श्रेष्ठले लिखित सन्देश मार्फत आफ्नो विचार व्यक्त गर्नुभयो। सभामा आफ्नो विचार प्रस्तुत गर्ने शेयरधनीहरुले समयमै वार्षिक साधारण सभा गर्न सफल भएकोमा बधाइ दिंदै शेयरधनीहरुले केही मात्रामा भएपनि निरन्तर लाभांश प्रदान गरिरहेकोमा धन्यवाद व्यक्त गर्नुभयो। शेयरधनीहरुले कम्पनीको लगानी, वित्तीय अवस्था, व्यवस्थापन, दीर्घकालीन रणनीति, संस्थागत सुशासन, कर्मचारी व्यवस्थापन लगायतका विषयमा विभिन्न जिज्ञासा एवम् सुझाव दिनुभयो। कम्पनीले नेपाल सरकारले

तय गरेको ऊर्जा मार्गचित्र अनुरुप सन् २०३५ भित्र २८५०० मेगावाटको लक्ष्य प्राप्तिका लागि कम्पनीले निर्वाह गर्न सक्ने भुमिकाका बारेमा समेत सुझाव व्यक्त गर्नुभयो। यसैगरी, कम्पनीले आगामी दिनमा कम्पनीको आम्दानी वृद्धि गर्ने, सञ्चालन खर्चमा मितव्ययिता अपनाउने र शेयरधनीहरुलाई प्राप्त हुने प्रतिफल वृद्धि गर्ने गरी कार्य गर्दै कम्पनीलाई प्रगतिपथ तर्फ अगाडि बढाउन रणनीतिक योजना र समयसापेक्ष लगानी नीति तथा कार्ययोजना तजुर्मा गर्दै लैजान सुझाव दिनुभयो।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै अध्यक्षज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री अर्जुन कुमार गौतमले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो र शेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको कार्वान्वयन गर्न कम्पनी सदैव प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा समेत कम्पनीले राष्ट्रको विकास नीतिलाई प्राथमिकतामा राखेर शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने विषयमा कम्पनीको ध्यान केन्द्रित रहने जानकारी गराउनुभयो।

## ६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः

### (क) सामान्य प्रस्तावहरुः

**प्रस्ताव नं. १ः आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णयः सञ्चालक समितिका तर्फबाट पेश भएको कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सो प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. २ः आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री ठाकुर प्रसाद अधिकारीबाट कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षकको प्रतिवेदन तथा २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ३: श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

निर्णयः यस कम्पनीबाट श्री महालेखापरीक्षकको कार्यालयमा चालु आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग भएकोमा सो कार्यालयबाट हालसम्म परामर्श प्रदान नभएको हुँदा श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएपश्चात उक्त परामर्श बमोजिमका व्यक्तिलाई आर्थिक वर्ष २०८१/८२ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न यस साधारण सभामा प्रस्ताव पेश गर्न कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भएकोमा सो बमोजिम लेखापरीक्षक नियुक्त गर्न र गत आर्थिक वर्षको भन्दा नबढ्ने गरी निजको पारिश्रमिक निर्धारण गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो।

**प्रस्ताव नं. ४: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।**

निर्णयः सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश (कर सहित) प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**प्रस्ताव नं. ५: संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।**

निर्णयः कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (क) को बूँदा नं. (५) बमोजिम संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालक पदका लागि निर्वाचन गर्नका लागि सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री हरि बहादुर बुढाथोकीबाट कम्पनीको "सञ्चालक निर्वाचन निर्देशिका, २०८१" बमोजिम मिति २०८१/०९/१४ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा उक्त निर्वाचन

कार्यक्रम अनुसार सो उपसमूहबाट १ जना सञ्चालक पदका लागि ३ जना शेयरधनीहरु क्रमशः श्री सुशिला कुमारी शर्मा, श्री अनुज्ञा सापकोटा र श्री हरिप्रसाद आचार्यले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराउनुभएकोमा उम्मेदवार श्री सुशिला कुमारी शर्माले आफ्नो उम्मेदवारी फिर्ता लिनुभएकोले बाँकी दुई जना उम्मेदवारहरु सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु हुने व्यहोरा निर्वाचन अधिकृतबाट सभामा जानकारी गराउँदा निर्वाचन अधिकृतको नेतृत्वको निर्वाचन टोलीले सम्पन्न गरेको मतदान कार्यक्रमबाट जुन उम्मेदवारले सबै भन्दा बढी मत प्राप्त गर्नुहुन्छ वहाँलाई सञ्चालक नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

सभाबाट निर्णय भए अनुसार सभाका अध्यक्षज्युले संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुको समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदका लागि आफ्नो मताधिकार प्रयोग गरी सञ्चालक निर्वाचित गराउनुहुन सम्बन्धित समूहका शेयरधनीहरुलाई मतदान कार्यक्रममा भाग लिन आव्हान गर्नु भयो।

**(ख) विशेष प्रस्तावहरुः**

**प्रस्ताव नं. १ः कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्रमा यसैसाथ संलग्न तीन महले बमोजिम संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा छलफल गर्दा कम्पनीको प्रवन्धपत्रमा देहाय बमोजिम संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो।

**प्रवन्धपत्रको संशोधन**

१. प्रवन्धपत्रको दफा ६ मा संशोधनः प्रवन्धपत्रको दफा ६ को खण्ड (घ) र (ङ) को सट्टा देहाय बमोजिमको खण्ड (घ) र (ङ) राखिएको छः-

"(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७९.६८ प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क्र.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,९८,९६,००० |
| २. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २,४९,४८,००० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,४९,४८,००० |

| | | |
|---|---|---|
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २,४९,४८,००० |
| उपसमूह क-२ | | |
| ५. | कर्मचारी सञ्चय कोष | १,२४,७४,००० |
| ६. | राष्ट्रिय वीमा संस्थान | १,२४,७४,००० |
| ७. | नागरिक लगानी कोष | १,२४,७४,००० |
| ८. | अन्य संस्थापक | ३,३५,४०,१३४ |

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको २०.३२ प्रतिशत हुनेछ।"

**प्रस्ताव नं. २: कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०८१/०२/२९ मा बसेको सञ्चालक समितिको २९६औं बैठकको निर्णय बमोजिम कम्पनीबाट जिल्ला प्रशासन कार्यालय जाजरकोटको सिफारिसमा जाजरकोट जिल्लामा भुकम्पबाट अति प्रभावित दिपेन्द्र माध्यमिक विद्यालय, बरेकोट र त्रिभुवन आधारभूत विद्यालय, भेरी लाई सूचना प्रविधि ल्याबका लागि आवश्यक उपकरण एवम् सामाग्री खरिदका लागि प्रति विद्यालय रु. ५ लाख हुने गरी जम्मा रु. १० लाख रकम सहयोग गरेकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

**(ग) विविधः** यस तेह्रौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवम् सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित हुनुभई तेह्रौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा

सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नु भयो। साथै, यस तेह्रौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार, निर्वाचन अधिकृत, नेपाल प्रहरी तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिँदै सभाको पहिलो सत्र सम्पन्न भएको घोषणा गर्नुभयो र सभाको दोश्रो सत्र अन्तर्गत मतदान कार्यक्रम हुने घोषणा गर्दै निर्वाचनका लागि निर्वाचन अधिकृत श्री हरि बहादुर बुढाथोकीलाई निर्वाचन कार्यक्रम शुरु गर्न आव्हान गर्नु भयो।

## दोश्रो सत्र – सञ्चालक निर्वाचनको कार्यक्रम, मतदान एवं परिणाम घोषणा

**१. निर्वाचन कार्यक्रम**

संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचन गर्नका लागि कम्पनीको "सञ्चालक निर्वाचन निर्देशिका, २०८१" बमोजिम सञ्चालक समितिबाट अधिवक्ता श्री हरि बहादुर बुढाथोकीलाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन अधिकृतबाट सो निर्देशिका बमोजिम मिति २०८१/०९/१४ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा उक्त निर्वाचन कार्यक्रम अनुसार संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकका लागि ३ जना शेयरधनीहरु क्रमशः श्री सुशिला कुमारी शर्मा, श्री अनुज्ञा सापकोटा र श्री हरिप्रसाद आचार्यले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराउनुभएकोमा उम्मेदवार श्री सुशिला कुमारी शर्माले आफ्नो उम्मेदवारी फिर्ता लिनुभएकोले बाँकी दुई जना उम्मेदवारहरु श्री अनुज्ञा सापकोटा र श्री हरिप्रसाद आचार्यले सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएको व्यहोरा निर्वाचन अधिकृत श्री हरि बहादुर बुढाथोकीबाट सभामा जानकारी गराई मतदान कार्य शुरु भयो।

**२. मतदान एवं परिणाम घोषणाः**

यस मतदानमा जम्मा १८,१६३,०८० मत खसेको र सो मध्ये उम्मेदवार श्री अनुज्ञा सापकोटाले जम्मा १२,८८०,०८८ मत र उम्मेदवार श्री हरि प्रसाद आचार्यले जम्मा ५,२८२,९९२ मत प्राप्त गर्नुभएकोमा श्री अनुज्ञा सापकोटाले सबै भन्दा बढी मत प्राप्त गरी संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता श्री हरि बहादुर बुढाथोकीले गर्नु भयो।

**३. सभा विसर्जनः**

यस तेह्रौं वार्षिक साधारण सभाको पहिलो सत्र अन्तर्गत सभाको वैधानिकता यकिन भई प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु भईसकेको र सभाको दोश्रो सत्र अन्तर्गत सञ्चालक पदको मतदान एवं परिणाम घोषणा भई निर्वाचन कार्यक्रम समेत सम्पन्न भइसकेको हुनाले कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत एवम् कम्पनी सचिव श्री जिवन कुमार बस्नेतले मतदान कार्यक्रममा भाग लिनुहुने समस्त शेयरधनीहरु, निर्वाचन अधिकृतहरु, शेयर रजिष्ट्रारको टोली, शान्ति सुरक्षाको प्रवन्ध गरिदिनुहुने नेपाल प्रहरीको टोली र कम्पनीका कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिँदै कम्पनीको तेह्रौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (बाह्रौं संशोधन) प्रवन्धपत्र, २०८१ को तीन महले

<table>
<tr><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित व्यवस्था</th><th>संशोधन गर्नुको कारण</th></tr>
<tr>
<td>
दफा ६ मा संशोधन-<br>
दफा ६ को खण्ड (घ) र (ङ)-<br>
(घ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः
<table>
<tr><th>क्र.सं.</th><th>शेयरधनीको विवरण</th><th>शेयर संख्या (कित्ता)</th></tr>
<tr><td></td><td>उपसमूह क-१</td><td></td></tr>
<tr><td>१.</td><td>नेपाल सरकार, अर्थ मन्त्रालय</td><td>४,९८,९६,०००।-</td></tr>
<tr><td>२.</td><td>नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td>३.</td><td>नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामीला मन्त्रालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td></td><td>उपसमूह क-२</td><td></td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,३५,४०,१३४।-</td></tr>
</table>
(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।
</td>
<td>
दफा ६-<br>
दफा ६ को खण्ड (घ) र (ङ) को सट्टा देहाय बमोजिमको खण्ड (घ) र (ङ) राखिएको छ-<br>
(घ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ७९.६८ प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः
<table>
<tr><th>क्र.सं.</th><th>शेयरधनीको विवरण</th><th>शेयर संख्या (कित्ता)</th></tr>
<tr><td></td><td>उपसमूह क-१</td><td></td></tr>
<tr><td>१.</td><td>नेपाल सरकार, अर्थ मन्त्रालय</td><td>४,९८,९६,०००।-</td></tr>
<tr><td>२.</td><td>नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td>३.</td><td>नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामीला मन्त्रालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय</td><td>२,४९,४८,०००।-</td></tr>
<tr><td></td><td>उपसमूह क-२</td><td></td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,२४,७४,०००।-</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,३५,४०,१३४।-</td></tr>
</table>
(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको २०.३२ प्रतिशत हुनेछ।
</td>
<td>अन्य संस्थापक समूह अन्तर्गतको सम्पूर्ण शेयर विक्री भए पश्चात कायम भएको शेयर अनुपातका आधारमा मिलाउनु पर्ने भएकाले ।</td>
</tr>
</table>